# शिवपुरी गाउँपालिकाको आ.ब.२०७५/७६को आर्थिक ऐन

## शिवपुरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** शिवपुरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शिवपुरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि शिवपुरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर र भूमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर/संरचना र सो ले चर्चेको जग्गा (भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छयहत्तर वर्गफिट/ १ रोपनी) मा सम्पति कर असूल उपर गरिनेछ । उपदफा (१) बमोजिम सम्पती कर लगाउने भनि तोकेको घर जग्गा बाहेकका अन्य जग्गा भएमा अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाईनेछ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम प्रदेश सरकारले तोकिएको क्षेत्रमा विज्ञापन कर लगाईनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश सरकारले तोकिए बमोजिम अनुसूचि (७) अनुरुप मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिको उपयोग तथा आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **दहत्तर, बहत्तर तथा निकासी शुल्कः** आ व २०७५।७६ को ढुङ्गा गिट्टी बालुवा बहत्तर दहत्तरको संकलन, बिक्री।निकासीमा ३ नं प्रदेश आर्थिक ऐन २०७५ को अधिनमा रही अनुसूची (१२) बमोजिम दहत्तर, बहत्तर तथा निकासी शुल्क लिईनेछ ।

१३. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १ : सम्पति कर

| राजश्वको क्षेत्र | | | | |
|---|---|---|---|---|
| १ | सम्पति कर मुल्यांकन | करको दर प्रति लाख | कर रकम | कैफियत |
| २ | पााच लाख सम्म | एकमुष्ट रु. ३५ | ३५ | |
| ३ | दश लाख सम्मको | एकमुष्ट रु.७५ | ७५ | |
| ४ | पन्ध्र लाख सम्मको | एकमुष्ट रु.१३० | १३० | |
| ५ | बीस लाख सम्म एकमुष्ट | एकमुष्ट रु.२०० | २०० | |
| ६ | २० लाख १ देखि ५० लाख | १० | ५०० | |
| ७ | ५० लाख १ देखि १०० लाख | १३ | १३०० | |
| ८ | १०० लाख १ देखि २०० लाख | १७ | ३४०० | |
| ९ | २०० लाख १ देखि ३०० लाख | २२ | ६६०० | |
| १० | ३०० लाख १ देखि ५०० लाख | २८ | १४००० | |
| ११ | ५०० लाख १ देखि १००० लाख | ३५ | ३५००० | |
| १२ | १००० लाख १ देखि १५०० लाख | ४५ | ६७५०० | |

## अनुसुचि २ भूमिकर (मालपोत)

| क.सं. | जग्गाको विवरण | दररेट |
|---|---|---|
| १ | मध्य पहाडी लोकमार्गमा जोडिएका जग्गा | न्यूनतम रु.५०/- र प्रति रोपनी रु.५०/- |
| २ | लोकमार्ग बाहेक पक्की सडकमा जोडिएका जग्गा | न्यूनतम रु.५०/- र प्रति रोपनी रु.५०/- |
| ३ | ग्राभेल, कच्चि सडकमा जोडिएका जग्गा | न्यूनतम रु.२०/- र प्रति रोपनी रु.२०/- |
| ४ | बाटो नभएको धान खेत | न्यूनतम रु.१५/- र प्रति रोपनी रु. १५/- |
| ५ | बाटो नभएको पाखोबारी तथा अन्य जग्गा | न्यूनतम रु.१०/- र प्रति रोपनी रु. १०/- |

*(साविकमा मालपोत दस्तुर बुझाएको प्रमाण पेश नभएको र चालु आ.व.मा बुझाउन आएमा अघिल्लो १ बर्षको चालु आ.व.को दरले थप १० प्रतिशत र क्रमशः प्रतिवर्ष ५ प्रतिशत (५० प्रतिशतमा नबढ्ने) गरी थप कर लिईनेछ । )*

## अनुसुचि ३ : घर वहाल तथा सम्पत्ति वहाल कर

| | विवरण | चालु आ.ब.को दर |
|---|---|---|
| १ | गाउपालिका क्षेत्रभित्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा | वहाल रकमको १२ प्रतिशत |

## अनुसुचि ४ : व्यवसाय करको दररेट

| सि.नं. | व्यवसायको विवरण | आ.व.७५/७६को दर |
|---|---|---|
| १. | **व्यापारिक वस्तु** | |
| १.१.१ | **सुन, चादीबिक्रेता** | 1000/- |
| १.१.२ | **भिडियो क्यासेट रेकर्डर तथाप्लेयर उत्पादक** | 1000/- |
| १.१.३ | **चुरोट, रक्सी, सुर्ती गुट्खा आदि अन्त शुल्क लाग्ने** | |
| | क) थोक बिक्रेता | 3000 |
| | ख) खुद्राबिक्रेता | 1000 |
| १.१.४ | **हलुका पेय पदार्थको थोक बिक्रेता** | 1000/- |
| १.२.१ | **निर्माण सामाग्री** | |
| | क) सिमेन्ट, छड, धातुकानिर्माण सामान समेत (डिलर भएकोलाई थप रु. १,०००/–) | 2000/- |
| | ख) छड, सिमेन्ट मात्रवा सो वाहेक अन्य सामानहरु | 1500/- |
| १.२.२ | **कम्प्यूटर र सोका सामानआदीबिक्रीगर्ने पसल** | ५००/– |
| १.२.३ | **विद्युतपसल** | |
| | क) बिजुलीको सबै सामानथोक | ५००/– |
| | ख) बिजुलीका सबै सामानखुद्रा | ५००/– |
| १.२.४ | **रेडियो, घडी बिक्रीगर्ने पसल** | ५००/– |
| १.२.५ | **फर्निचरका सामानतथाकार्पेट पसल** | ५००/– |
| १.२.६ | **पेट्रोलियमपदार्थ** | |
| | क) आयलनिगमको डिलर भै पेट्रोलियमपदार्थ बिक्रीगर्ने | 2000/- |
| | ख) ग्यास तथाखुद्रा पेट्रोलियपदार्थ बिक्रीगर्ने | 500/- |
| १.२.७ | **टेलिभिजनपसल** | |
| | क) टिभि फ्रिजतथाअन्य सामानको पसल | 500- |
| १.३.१ | **खाद्यान्नकिरानापसल** | |
| | क) थोक बिक्रीगर्ने पसल | 500/- |
| | ख) सबै सामान राखीखुद्राकिराना सामानबिक्रीगर्ने | 500/- |
| १.३.२ | **फलफुल तथा तरकारी पसल** | 500/- |
| १.३.३ | **स्वदेश, विदेशी कपडा पसल** | 500/- |
| २.१ | **विषेश परामर्श तथाअन्यव्यवसायिक सेवा** | 500/- |
| ३.१ | **सामान ढुवनीकर्ता तथाकम्पनी** | 1000/- |
| ३.२ | **निर्माण व्यवसाय गांउपालिकामा प्रधान कार्यालय भएको निर्माण ब्यबसायमा वा** | |

| सि.नं. | व्यवसायको विवरण | आ.व.७५/७६को दर |
|---|---|---|
| | **अन्यत्र बाट निर्माणको लागी गांउ पालिकामा आएको** | |
| | क) श्रेणीको | ३,०००/– |
| | ख) श्रेणीको | २५,००/– |
| | ग) श्रेणीको | २,०००/– |
| | घ) श्रेणीको | |
| | **अ)** दर्ता शुल्क | २५०००। |
| | **आ)** नविकरण शुल्क | १५०००। |
| | **इ)** म्याद नाघेकोमा नविकरण (जरिवाना सहित) | २००००। |
| | **ई)** निवेदन दस्तुर हूलाक टिकट | २५। |
| | **उ)** प्रतिलिपि | ५०००।०० |
| ४.१ | **उत्पादन मूलक उद्योग** | |
| | क) इटा तथा प्लास्टीक कारखाना (निर्माण सामाग्री) | 5000/- |
| | ख) अन्य साना घरेलु उद्योग | 1000/- |
| | ग) कलर ल्याब | - |
| ४.२ | **फर्निचर उद्योग** | |
| | क) ट्रली समेत राखेको स-मिल | 5000/- |
| | ख) स-मिलतथाउच्च स्तरको फर्निचर बनाउने उद्योग | 5000/- |
| | ग) सामान्य फर्निचर उद्योग | 1000/- |
| ५. | **उर्जामूलक उद्योग - हाईड्रो, अन्य** | 10000/- |
| | **कृषि तथा वनजन्य उद्योग** | |
| | क) एक करोड भन्दामाथिपूजीभएको | 5000/- |
| | ख) एक करोड सम्मको | 4000/- |
| | ग) पाँचलाख सम्मको | 1000/- |
| ७. | **खनिजउद्योग** | 5000/- |
| ८. | **पर्यटन उद्योग** | |
| | **होटल लज (रिसोट, होटल लज, होटल रेष्टुरा)** | |
| | क) वर्ग /रिसोर्ट | 5000/- |
| | ख) वर्ग | 4000/ |
| | ग) वर्ग | 1000/ |
| ९. | **सेवाउद्योग** | |
| | क) सिनेमाहल | 3000/- |
| | ख) अफसेट प्रेस | 2000/- |
| | ग) लेटर प्रेस | 1000/- |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड पसल | 1000/- |

| सि.नं. | व्यवसायको विवरण | आ.व.७५/७६को दर |
|---|---|---|
| | ङ) चलचित्रव्यवसाय अडियो भिडियो क्यासेट | 1000/- |
| | च) हवाई सेवाबुकिङ काउन्टर | 1000/- |
| | छ) सार्वजनिक परिवहन (बुकिङ काउन्टर) | 1000/- |
| १०. | **निर्माण जन्य सामाग्री उद्योग** | 5000/- |
| ११. | **संचार सेवा** | 1000/- |
| ११.२ | क) फोन, फ्याक्स, इमेल, इन्टरनेट राखेको लाई | 1000/- |
| | ख) फोटोकपी, फोन राखेकोलाई | |
| | ग) फोन, फोटोकपी, कुरियर आदिमध्ये कुनै एक राखेको लाई | |
| ११.३ | **कुरियर सेवा** | |
| ११.४ | **छपाई तथाप्रकाशन** | |
| ११.५ | **पत्रपत्रिकातथा स्टेशनरी पसल** | |
| | क) पत्रपत्रिकातथा स्टेशनरी सामान राखेको पसल | |
| | ख) पत्रपत्रिकापसल | |
| १२. | **वित्तीय सेवा** | |
| १२.१ | **निजी क्षेत्रकाआर्थिक कारेवार गर्ने बैंक** | 10,000/- |
| १२.२ | **आर्थिक कारोवार गर्ने वित्तीयकम्पनीको मुख्यकार्यालय** | 10,000/- |
| १२.३ | **वित्तीयकम्पनीको शाखाकार्यालय** | 5000/- |
| १२.४ | **विमाकम्पनी** | 5000/- |
| १२.५ | **विदेशीमुद्रा सटही काउन्टर** | 5000/- |
| १२.६ | **धितो पत्रकारोवार** | 2000/- |
| १२.७ | **सहकारी बैंक** | 2000/- |
| १२.८ | **सहकारी संस्था** | 2000÷- |
| १३. | **स्वास्थ्य सेवा** | |
| | क) गैर सरकारी अस्पताल | 2000/- |
| | ख) नर्सिङ होम | 2000/- |
| | ग) क्लिनिकतथाल्याब | 1000/- |
| १४. | **शिक्षा सेवा (निजी क्षेत्रबाट संचालित)** | |
| १४.१ | क) आधारभूत तह | 15000/ |
| | ख) मा.वि. तह | 20000/ |
| | घ) क्याम्पस वा प्राविधिक शिक्षालय | 20000/ |
| | ङ) अन्तराष्ट्रिय गैर सरकारी संस्था | 5000/ |
| | **तालिम तथा अनुसन्धान केन्द्र** | |
| १४.२ | क) टाईपिङ तथा कम्प्यूटर इन्सीच्यूट र भाषा प्रशिक्षण | 1000/- |

| सि.नं. | व्यवसायको विवरण | आ.व.७५/७६को दर |
|---|---|---|
| १४.३ | ख) सिलाईबुनाई तथाअन्य साना प्रशिक्षण केन्द्र | 1000/- |
| | **मर्मत सम्भार** | |
| १५. | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, जिप, कार, ट्याक्टर | 5000/- |
| १५.१ | ख) मोटरसाईकल, टेम्पो | |
| | क) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर | 2000- |
| १५.२ | ख) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन स्टोप ग्यास चुल्हो आदि | 1000- |
| | **विज्ञापन सेवा** | 1500/- |
| १६.१ | **बैदेशिक रोजगार सेवा** | 1000/- |
| १६.२ | **स्वदेशी रोजगार सेवा** | 1000/- |
| १६.३ | **सेक्रेटरियल सेवा** | 1000- |
| १६.४ | **हाउजीङ कम्पनीतथा घर जग्गाखरिद बिक्री** | 5000/- |
| १६.५ | **ब्यूटी पार्लर** | 1000/- |
| १६.६.१ | **ड्राईक्लिनर्स धोवी** | 1000/- |
| १६.६.२ | **फोटो स्टुडियो** | 1000/- |
| १६.६.३ | **टेलर** | |
| १६.६.४ | क) सबै किसिमका मेशिन राखीउच्च स्तरीय सिलाई गर्नेलाई | 1000/- |
| | ख) एक भन्दा बढी मेशिन राखीसिलाई गर्नेलाई | 1000/- |
| | ग) एक मेशिन राखीसिलाई गर्नेलाई | 500/- |
| | **सैलुन** | 1000/- |
| १६.६.५ | क) ३ सिट भन्दा बढी क्षमताभएको सैलुनलाई | 1000/- |
| | ख) साधारण सैलुनलाई | 500/- |
| | **साईन बोर्ड पेन्टीङ** | 1000/- |
| १६.७ | **पशु वधशाला** | 5000/- |
| १६.८ | **मासु बिक्रेता** | 1000/- |
| १६.९ | **अन्यव्यवसायहरु** | |
| १७. | **पार्क पिकनिक स्पट** | 300/- |
| १७.१ | **टुर अपरेटर** | 500/- |
| १७.२ | **विविध व्यवसाय** | |
| १९. | **औषधीपसल** | 1000/- |
| १९.१ | **भाडा पसल** | 1000/- |
| १९.२ | **जुत्ताचप्पलपसल** | 1000/- |
| १९.३ | **साईकलमर्मत तथाबिक्री** | 1000/- |
| १९.४ | **मेशिनरी पार्ट पसल** | 1500/- |

| सि.नं. | व्यवसायको विवरण | आ.व.७५/७६को दर |
|---|---|---|
| **१९.५** | **पानपसल** | 1000/- |
| **१९.६** | **खानातथानास्तापसल** | 1000/- |
| **१९.७** | **मिठाई तथाचियापसल** | 1000/- |
| **१९.८** | **लेथ वर्कशप** | 1500/- |
| **१९.९** | **पोल्ट्री पशु फर्म/दाना डिपो/एग्रोभेट** | 1000/- |
| **१९.१०** | **सप्लायर्स** | |
| **१९.११** | क) एक लाखभन्दा बढीको सामान सप्लाई गर्नेलाई । | 1000/- |
| | ख) एक लाखसम्मको सामान सप्लाई गर्नेलाई | 1000/- |
| | ग) पचास हजार सम्मको सामान सप्लाई गर्नेलाई । | 1000/- |
| | **केबुलअपरेटर** | 3000/- |
| **१९.१६** | **टेन्ट हाउस** | 1000/- |
| **१९.१९** | **रासायनिकमलतथाविषादीपसल** | 1500/- |
| **१९.२०** | **कबाडी व्यवसाय** | 5000/- |
| **१९.२१** | **सुर्ति पसल खुद्रा विक्रेता** | 1000/- |
| **१९.२२** | **डिलरशिप (माथि भए बाहेक)** | 4000- |
| **१९.२३** | **ठूला कम्पनीको सेल्स डिपो** | 5000/- |

ग) जादु, सर्कस, चटक, फुटपाथमा औषधी बेचबिखन आदिमा प्रतिदिनको रु.५००/- असुल गरिनेछ

घ) चालु आ.व.भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा २५ प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ ।

ङ) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय थप गरेमा थप गरेको व्यवसायमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा २५ प्रतिशतले हुने रकम थप व्यवसाय कर लिने ।

च) माथि उल्लेख भएको व्यवसायमा सोहीअनुसार र उल्लेख नभएको अवस्थामा गाउ कार्यपालिकाबाट निर्णय गरी निर्धारण गरिने छ ।

## अनुसूचि ५ : जडिबुटी, कवाडी र जीवजन्तु कर

**१.** व्यवसायिक कारोवार भएमा कार्यविधी बनाई असुल उपर गरिने ।

## अनुसूचि ६ : विज्ञापन कर

**१.**) होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ ।

अ) प्रतिवर्ग फिट रु ५० (पचास)

आ) अन्यको हकमा गा.पा.ले तोके वमोजिम हुनेछ

इ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन । र १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायिले विज्ञापन कर वापत वुझाउनु पर्नेछ ।

## अनुसूचि ७ : मनोरञ्जन कर

**१.** सभा, सम्मेलन, उत्सव, महोत्सबमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।

२ सार्वजनिक स्लथमा पिकनिक शुल्क रु ३००।-

## अनुसूचि ८ : बहाल बिटौरी शुल्क

१. सार्वजनिक/स्थलमा निर्मित घर, संरचनाको उपयोग तथा जग्गा उपयोग प्रति स्क्वायर फूट रु.५ प्रति महिना

२. गाउँपालिकाको सभाहल उपयोग शुल्क : प्रतिदिन रु.१०००/ र हल सरसफाई शुल्क रु.३००/, प्रोजेक्टर भाडा दैनिक रु.५००/

३. फुटपाथ, हाट बजारको लागि प्रति पसल,स्टल,टहरो दैनिक रु २५/-

अन्य शुल्क कार्यविधी बनाई असुल गरिनेछ ।

## अनुसूचि ९ : पार्किङ शुल्क

क) दुई पाङ्गे माटर साईकल, स्कुटर आदि सवारी साधन रु २०।- प्रति पटक/दिन

ख) चार पाङ्गे जीप, कार लगाययत सवारी साधन रु ५०। -

ग) दुई पाङ्गे मिनिबस, बस, टिपर आदि सवारी साधन रु १००।-

घ) पार्किङ शुल्कः सभा, सम्मेलन, उत्सव, महोत्सबमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।

सार्वजनिक स्थानमा प्रतिस्पर्धाबाट उल्लेखित दरमा असुल हुने गरी कार्यविधी बनाई असुल गरिनेछ ।

## अनुसूचि १० : ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क

१. पूर्वाधार र साधनको व्यवस्था भएपछि कार्यविधी बनाई सेवा शुल्क निर्धारण गरी लागू गरिनेछ ।

## अनुसूची १२ : सेवा शुल्क, दस्तुर

**१. विभिन्न प्रकारका सिफारिस दस्तुरः**

क) छुट जग्गा दर्ता शिफारिस निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत

| | | |
|---|---|---|
| अ) | १ रोपनी सम्म | रु.५००/- |
| आ) | १ रोपनी देखि ५ रोपनी सम्म | रु.१०००/- |
| इ) | ५ रोपनी वा सो भन्दा माथि सम्म | रु.१५००/- |

ख) जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत)

| | | |
|---|---|---|
| अ) | ५ रोपनी सम्म | रु.१००।- |
| आ) | ५ रोपनी देखि २० रोपनी सम्म | रु.२००/- |
| इ) | २० रोपनी वा सो भन्दा माथि | रु.५००/- |

ग) मोही दर्ता तथा मोही नामसारी सिफारिसः

अ) ५ रोपनी सम्म रु.५००/-

आ) ५ रोपनी भन्दा माथिजतिसुकै भएपनि रु.१०००/-

घ) घरजग्गा, चार किल्ला प्रमाणित

अ) चार किल्ला प्रमाणित प्रति कित्ता रु.२००/-

आ) घरबाटो भए/नभएको प्रमाणित रु.२००/-

स्थलगत निरीक्षण गरिएकोमा थप रु.५००/- प्रति कित्ता

इ) घर जग्गा कर रसिदको प्रतिलिपी रु.५०/-

ई) घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा प्रतिकित्ता रु.१,०००/-

उ) जुनसुकै प्रकारको सर्जिमन मुचुल्का रु.३००/-

ङ) श्रोत प्रमाणित

अ) श्रोत प्रमाणित प्रतिशत ०.०२५%

आ) घर जग्गा मूल्यांकन - ०.०२५%(विद्यार्थीलाई ४५ प्रतिशत छुट)

च) विभिन्न प्रकारका घरेलु उद्योग दर्ता सिफारिस :

अ) साना घरेलु उद्योग रु.५००/-

आ) मझौला उद्योग रु.१०००/-

इ) ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) रु.२०००/-

छ) डिलर लिने/ अन्य उद्योग सम्बन्धी सिफारिस रु. १०००/-

ज) स्वास्थ्य सेवा संस्था स्थापना सम्बन्धी सिफारिस रु.१०००/-

झ) नागरिकता, प्रमाणपत्र प्रतिलिपी दस्तुर

अ) प्रमाणपत्र प्रतिलिपी दस्तुर रु.१०/- प्रतिपाना

आ) नागरिकता लिनका लागि सिफारिस रु.१००/- ,

आ) नागरिकताको प्रतिलिपी लिन सिफारिस रु.२००/-

ई) अंगिकृत नागरिकता सिफारिस रु.१०००/-

ञ) नाता प्रमाणित रु.१५०/-

ट) नाता सम्बन्ध रु.१५०/-

ठ) धारा, विजुली जडान सिफारिस

अ) धारा जडान घर सिफारिस रु.२००/-

आ) धारा जडान संघ, संस्था, उद्योग व्यवसायको लागि रु १०००/

इ) बिजुली जडान सिफारिस घरको लागि रु.२००/-

ई) बिजुली जडान संघ, संस्था, उद्योग व्यवसाय थ्री फेज लाईनको लागि रु १०००/

ड) काठ कटान/ निकासी गर्न सिफारिस रु.५०/- प्रति रुख

ढ) वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता रु. १००/-

ण) रकम कलम उठाइदिए वापत सयकडा ३%

त) अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारिस रु.२००/-

थ) निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिस रु.१५,०००/-

द) सामुदायिक/सरकारी विद्यालयको तहवृदी सम्बन्धी सिफारिस रु.२००/-

ध) संचार टावर सिफारिश रु ६०००/

न) व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर रु.५०/-

प) घर कायम गर्न सिफारिश रु ३००/-

फ) मरुवा नामसारी (सम्पत्ति) वापत रु ५००/-

ब) लालपुर्जा प्रतिलिपी सिफारिश रु ३००/-

भ) कन्सुलर प्रमाणित प्रति थान रु.५००/-

भ) अन्य साधारण सिफारिश रु १००/-

म) फोहर व्यवस्थापनका लागि पूर्वाधार र साधानको व्यवस्था भएपछि सेवा शुल्क निर्धारण गरिनेछ ।

य) गैर सरकारी संघ संस्था दर्ता, नविकरण सिफारिस रु ३००/-

**घर नक्शा पास, निर्माण स्वीकृती दस्तुर :**

क) गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा (मध्यपहाडी लोकमार्ग तथा पक्की सडक आसपास) :

अ) आर.सी.सी. ढलान घर प्रतिवर्गफिट (३ तल्ला सम्म रु.५/- र ४ (चार) तल्लादेखि र सो भन्दा माथि प्रतिवर्गफिट रु १०/-

आ) आर.सी.सी बाहेक पक्की घर प्रतिवर्ग फिट रु ३/

इ) जस्ताको छाना/टहरा भएको घर प्रतिवर्ग फिट रु.२/-

*मापदण्ड लागू भएपछी नक्शापास नगरी बनाएकोमा १०% थप दस्तुर लाग्ने छ ।*

ख) गाउपालिका अन्य क्षेत्रमा : (तीनतल्ला सम्मका लागि मात्र)

अ) आर.सी.सी ढलान घर प्रतिवर्ग फिट रु.३/-

आ) आर.सी.सी. बाहेकका पक्की घर प्रतिवर्ग फिट २/-

इ) जस्ताको छाना/टहरा भएको घर प्रतिवर्ग फिट रु.१/-

*मापदण्ड लागू भएपछी नक्शापास नगरी बनाएकोमा १०% थप दस्तुर लाग्ने छ ।*

ग) नक्शा पास/निर्माण सम्पन्न नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मुल्य रु.१०००/- मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ ।

ङ) नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु.२००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ र पिल्पन्थ लेवल भन्दा माथि super structure को नक्शा पास गरी निर्माण सम्पन पत्र तोकिएको समयमा नलिएमा बिलम्ब दस्तुर रु ५००/- वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन वढी हुन्छ सो वरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिने छ ।

च) घर निर्माणका लागि यस गा.पा.बाट स्वीकृत (प्लीन्थ लेवल सम्मको) लिई तोकिएको अवधि भित्र निर्माण सम्पन्न नलिने वा थप दस्तरु तिरी म्याद थप गरिएकोमा थप अवधिभित्र निर्माण सम्पन्न नगरिएमा सो वापत राखिएको धरौटी रकम फिर्ता हुनेछैन ।

छ) पक्की घरको नक्शापास गर्ने आवेदन पुस्तिका रु.१०००/- प्रतिगोटा

ज) घरदर्ता शुल्क: रु ३००/-

**अनुसूची १२** : दहत्तर बहत्तर शुल्क

| सि. नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर निकासी शुल्क) |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल, र रोडा आन्तरिक विक्री एवं घाटगद्दी(स्वीकृतखानी क्षेत्र बाहेक) | प्रति क्यूब फिट | रु २ | रु ४ |
| २ | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल, र रोडा जिल्ला बाहिर निकासी कर | प्रति क्यूब फिट | रु ३ | रु ६ |
| ३ | माटोआन्तरिक विक्रि एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूब फिट | पचास पैसा | रु २ |
| ४ | माटोजिल्ला बाहिर निकासी कर | प्रति क्यूब फिट | रु १ | रु ४ |
| खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी करमात्र लगाईनेछ । | | | | |
| जिल्लामा उत्पादन भई निकासी हुने सिमेन्टको हकमाबिक्री मूल्यको ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत कर लगाईनेछ । | | | | |

प्रमाणीकरण गर्ने
रामकृष्ण थापा
अध्यक्ष

प्रमाणीकरण मिति : २०७५/०३/१०